राजपुर गाउँपालिका ☎०८२-५९०६४०

गाउँ कार्यपालिकाको कार्यालय

मंगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं. १२११

मितिः २०८३/०२/२७

श्री सम्पूर्ण राजनीतिक दलका स्थानीय प्रतिनिधिज्यूहरू,
श्री विषयगत कार्यालयका प्रमुखज्यूहरू,
श्री उद्योग वाणिज्य संघ, सहकारी संस्था तथा वित्तीय संस्थाका प्रतिनिधिज्यूहरू,
श्री नागरिक समाज, गैरसरकारी संघसंस्था, पत्रकार, बुद्धिजीवी, शिक्षक, युवा तथा महिला समूहका प्रतिनिधिज्यूहरू,
तथा सम्पूर्ण सरोकारवालाहरू,
राजपुर गाउँपालिका, दाङ।

विषयः राय/सुझाव उपलब्ध गराइदिने सम्बन्धमा।

प्रस्तुत विषयमा राजपुर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाको कार्य प्रारम्भ भएको हुँदा गाउँपालिकाको समग्र विकास, सेवा प्रवाहको प्रभावकारिता, सुशासन प्रवर्द्धन, आर्थिक तथा सामाजिक विकास, पूर्वाधार निर्माण, कृषि, शिक्षा, स्वास्थ्य, रोजगार, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रसँग सम्बन्धित यहाँहरूको महत्वपूर्ण राय, सुझाव तथा सिफारिस उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

प्राप्त राय/सुझावहरूलाई आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा आवश्यकतानुसार समावेश गरिने भएकाले आफ्नो लिखित राय/सुझाव मिति २०८३ साल असार ३ गतेभित्र यस गाउँपालिकाको कार्यालयमा उपलब्ध गराइदिनुहुन अनुरोध छ। सुझावहरू इमेल, पत्राचार वा प्रत्यक्ष रूपमा समेत पेश गर्न सकिनेछ।

यहाँहरूको रचनात्मक सुझावले समृद्ध, समावेशी र जनमुखी योजना तर्जुमा गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ।

२०८३/०२/२७

.....
शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

Email: rajpurmun@gmail.com Website: rajpurmundang.gov.np